खड्क नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
कल्याणपुर,सप्तरी

औषधीउपकरण तथा सर्जिकल समानखरिद सम्बन्धिशिलबन्दी दरभाउपत्रआहवानको सूचना
प्रथम पटक प्रकाशितमिति :- २०७८/०३/०२

यस कार्यालय अन्तर्गतका स्वास्थ्य संस्थाको लागिचालु आ.व. २०७७/०७८ वित्तिय समानिकरणअन्तर्गतमाआवश्यक पर्ने औषधी, उपकरण तथा सर्जिकल सामानहरु शिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नु पर्नेभएकोले इच्छुक इजाजतप्राप्त रजिष्टर्ड, उत्पादककम्पनीतथावितरकबाट निम्न सर्तको अधिनमा रही रितपूर्वकको शिलबन्दी दरभाउपत्रपेश गर्नुहुन यो सुचनाप्रकाशितगरिएको छ।

१ प्रथम पटक सूचनाप्रकाशितभएको मितिले १५ (२०७८/०३/१६) दिनभित्र रु. १,०००/- (फिर्ता नहुने गरी) यस न.पा.को राजश्वशाखामानगददाखिलागरि आयकर दर्ता प्रमाणपत्र तथा मु.अ.कर दर्ता प्रमाणपत्र, फर्म, संस्थावाकम्पनीदर्ता प्रमाण-पत्र, औषधीव्यवस्था विभागबाट औषधी कारोबार गर्न लिएको इजाजतपत्रको ०७७/०७८ को नविकरण भएको प्रमाणित प्रतिलिपि, आ.व. २०७६/०७७ को कर चुक्ताको प्रमाणपत्र समेतको प्रतिलिपिहरु संगलन राखि रु. १० को टिकट टाँसी शिलबन्दी दरभाउपत्रदातावानिजको आधिकारीक प्रतिनिधिले शिलबन्दी दरभाउपत्रफारम यस कार्यालयको स्टोर(राजश्व) फाटमा निवेदन पेश गरि शिलबन्दी दरभाउपत्रखरिद गर्न सकिनेछ।

२ सुचनाप्रकाशितभएको मितिले १६ औं(२०७८/०३/१७)दिनको १२:०० बजे भित्रशिलबन्दी दरभाउपत्ररितपूर्वक भरी यस कार्यालयमाशिलबन्दी दरभाउपत्रदर्ता गराई सक्नुपर्नेछ। दर्ता भएकाशिलबन्दी दरभाउपत्रदातावानिजको प्रतिनिधिहरु उपस्थितनभएपनिशिलबन्दी दरभाउपत्रखोल्न बाधापर्ने छैन। शिलबन्दी दरभाउपत्रखरिद गर्नेवादाखिलागर्ने अन्तिमदिनविदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिमदिनमानिनेछ र शिलबन्दी दरभाउपत्र १६ औं दिनदिनको २:०० बजे खुल्नेछ।

३ सिलबन्दी दरभाउपत्रदर्ता गर्दा जमानतवापतको रकमकृषिबिकास बैंक शाखाकार्यालय कल्याणपुर सप्तरीमा रहेको खडकनगरपालिकाको कार्यालय धरौटीखातानम्बर ११०३७०१५०८००४०४७मादाखिला गरेको सक्कलै बैंक भौचर वाकम्तीमा७५ दिनम्याद (शिलबन्दी दरभाउपत्रदर्ता गर्ने अन्तिममिति देखि) भएको मान्यताप्राप्त बैंकको विडवण्ड (जमानतपत्र) शिलबन्दी दरभाउपत्रसाथ पेश गर्नुपर्नेछ। शिलबन्दी दरभाउपत्रदाताले मूल्यअभिबृद्धि करबाहेकको दर अंक र अक्षर दुवैमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। अंक र अक्षर स्पष्ट उल्लेख भएको दररेटमा भिन्नताभएमाअक्षरलाई मान्यतादिईनेछ।

४ सम्पूर्ण आइटमको बोल कबोल गरेको दरले हुनआउने न्युन्तमजम्मामूल्यको दरभाउपत्रदाताको शिलबन्दी दरभाउपत्र स्वीकृत गरिनेछ र शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

५ शिलबन्दी दरभाउपत्रदाताले आफुले खरिद गरेकै शिलबन्दी दरभाउपत्रदर्ता गराउनुपर्नेछ। फोटोकपी गरी पेश गरेको शिलबन्दी दरभाउपत्रलाई मान्यतादिइने छैन। साथै शिलबन्दी दरभाउपत्रमाकुनै शर्त राखि पेश गरेमामान्यहुने छैन।

६ स्वीकृत शिलबन्दी दरभाउपत्रअनुसारको सामान एकमुष्ट वाआवश्यकतानुसार पटक-पटक आदेश दिई खरिद गरिनेछ। साथै सप्लाई गरिने औषधीको म्याद स्टोर दाखिलाभएको मितिले कम्तीमा १८ महिनाको हुनुपर्नेछ र १२ महिनामात्रम्यादहुने औषधीको हकमाकम्तीमा ९ महिनाम्यादबाँकीभएको हुनुपर्नेछ

७ रित नपुगेको शिलबन्दी दरभाउपत्रमाथिकुनै कारबाहीगरिने छैन। साथै शिलबन्दी दरभाउपत्र स्वीकृत भए पछि कार्यालयले तोकेको समय अवधीभित्रऔषधीबुझाउनुपर्नेछ र कबोल गरेको औषधीबुझाउननसकेमासार्वजानिकखरिद ऐन, २०६३ तथानियमावली २०६४ बमोजिमकार्बाहीहुनेछ। सम्पूर्ण करहरु र कार्यालयको गोदाम घरसम्मको ढुवानी खर्च शिलबन्दी दरभाउपत्रदाताले नै व्यहोर्नुपर्नेछ।

८ सप्लाई हुने औषधीको प्रत्येक स्ट्रीपमा र प्रत्येक प्याकिङ्गको बाहिर समेत उत्पादनमिति, Expiry Date, ब्याचनम्बर र नेपाल सरकारबाट निःशुल्कवितरणको लागि(Free Supply For Ministry of Health, Nepal) स्पष्टरुपमा देखिने गरी लेखिएको हुनुपर्नेछ।

९ शिलबन्दी दरभाउपत्रसम्बन्धीअन्य केही कुरा बुझ्न परेमाकार्यालय समयभित्र यस कार्यालयको स्टोर फाँट र स्वास्थ्य शाखाबाट बुझ्न सकिनेछ।

१० WHO, GMP Certified Companyहरुको औषधीमात्र सप्लाई गर्नुपर्नेछ र उपकरण तथा सर्जिकल सामानहरु गुणस्तर युक्तकम्पनी र नेपाल सरकारबाट बन्देज नलगाईएको हुनुपर्नेछ। प्रत्येकऔषधी,उपकरण तथा सर्जिकलआईटमको नमुना(Sample) को सिलबन्दी गरी शिलबन्दी दरभाउपत्रदर्ता गर्दा पेश गर्नु पर्नेछ।

११ प्राप्तभएको औषधी, उपकरण तथा सर्जिकल सामानको सक्कलबिल छुटाछुटै प्राप्तभई स्टोर दाखिला भएपछि बजेट निकासाको आधारमाभुक्तानीदिईनेछ।

१२ सार्वजानिकखरिद नियमावली २०६४ को नियम ४० (ड) अनुसार शिलबन्दी दरभाउपत्रदाताखरिद कारबाहीमाआफनो स्वार्थ नबाझिएको सम्बन्ति पेशावाव्यवसाय सम्बन्धी कसुरमाआफुले सजायनपाएको भन्ने लिखितरुपमा घोषणापत्रसमेत शिलबन्दी दरभाउपत्रसाथ पेश गर्नुपर्नेछ।.

१३ आपूर्ति गरिने औषधीहरु चक्की र क्यापसुल स्ट्रीप फर्ममा र बोतलको हकमा प्लाष्टिक बोतलमात्र सप्लाई गर्नु पर्ने छ।

१४ शिलबन्दी दरभाउपत्रफारममाआफुले सप्लाईगर्ने प्रत्येक औषधी,उपकरण तथा सर्जिकल सामग्रीहरुको आईटम वाईज उत्पादककम्पनीको नामअनिवार्य रुपले उल्लेखगरि नमुना पेश गर्नुपर्नेछ।

१५ आ.व. २०७७/०७८ को लागिऔषधीखरिदमा बजेट रकमथप घट भएको अवस्थामा यसै शिलबन्दी दरभाउपत्रको दररेट अनुसार खरिद गर्न सकिनेछ। शिलबन्दी दरभाउपत्रमापेश गरेको मूल्य यस आ.व.को २०७८असार मसान्तसम्मकायम रहनेछ।, थपमूल्य बृद्धिलाई स्वीकार गरिने छैन।

१६ शिलबन्दी दरभाउपत्रदाताले उपलब्ध गराइने औषधी गुणस्तरयुक्तनभएमाफिर्ता गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। यसरी फिर्ता गर्दा लाग्ने ढुवानी खर्च शिलबन्दी दरभाउपत्रदाताले बेहोर्नु पर्ने छ।

१७ यस सूचनामाउल्लेख हुन छुट भएका कुराहरु प्रचलित सार्वजनिकखरिद ऐन २०६३, तथानियमावली, २०६४ अनुसार हुनेछन्।

१८ अन्यजानकारीको हकमाखडक नगरकार्यपालिकाकोकार्यालय कल्याणपुर सप्तरी, स्टोरफाँट र स्वास्थ्यशाखामा सम्पर्क राख्नुहुन।

१९ औषधी, उपकरण तथा सर्जिकल समानको जम्मालागतविवरण :

| सि.न. | विवरण | लागतअनुमान रकम मू.अ.कर बाहेक | धरौटी रकम २.५ % | दरभाउपत्रफारम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १. | औषधीउपकरण तथा सर्जिकल समानहरु | रु. १३९३४००/२४ | रु.३५०००/- | रु.१००० /- | |

प्रमुख प्रशासकीय अधिकृत
खडक नगरपालिकाकोकार्यालय कल्याणपुर,सप्तरी

निरज कुमार देव
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)